श्री ५ को सरकार

# मेलम्ची खानेपानी विकास समिति

४ ४६८९६३-६५
४ ४७५३०३
४ ४९३९५९
फ्याक्सः ४४६८९६२
इमेलः mwsdb@ntc.net.np
Website: melamchiwater.org
बानेश्वर, काठमाण्डौं ।

पत्र संख्याः २०६१।६२
चलानी नं. ४७९

मितिः २०६१।६।१५

श्री गोपाल सिवाकोटी, जल तथा ऊर्जा उपभोक्ता महासंघ नेपाल
श्री हस्त पण्डित, प्रतिनिधि, मेलम्ची स्थानीय सरोकार समूह
श्री रामबहादुर खड्का, प्रतिनिधि, वाफेड, सिन्धुपाल्चोक शाखा

विषयः स्थानीय एवं राष्टिय सरोकारका सवालहरुको जवाफ सम्बन्धमा ।

त्यस संस्थाले उपरोक्त मिति २०६१।६।१ गते पठाएको पत्र प्राप्त भयो । राष्टिय तथा अन्तर्राष्टिय स्तरमा चासो र चर्चामा रहेको राष्टिय प्राथमिकता प्राप्त यस आयोजनाकासम्बन्धमा त्यस संस्थाले देखाउँदै आएको चासो, चिन्ता, सुझाब र सहभागिताको सहृना गर्दछौं । मेलम्ची खानेपानी आयोजनाले सरोकारवाला संघसंस्था । समूहबाट आयोजनाको सफल कार्यान्वयनका उद्देश्य प्राप्त हुने यस्ता सल्लाह सूझावप्रति संवेदनशील रहँदै सकारात्मक रुपमा ग्रहण गर्ने गरेको छ ।

आयोजनासम्बन्धी उठाइएका विषयहरुमा आयोजना जिम्मेवारीपुर्वक अगाडी बढिरहेको छ । आयोजनाको कार्यलाई सफल पार्दै यस आयोजनाका तर्फबाट स्थानीयबासीन्दहरुको अधिकतम हितका लागि हुने काम र पहलमा त्यस संस्थाबाट निरन्तर सहयोग रहने कुरामा आयोजना विश्वस्त छ । आयोजनासम्बन्धी अन्य सुझाव, सल्लाह र सहयोग सँधै स्वागतयोग्य रहनेछ र निरन्तर अन्तरक्रियामा सहभागीताको अपेक्षा राख्दछौं ।

मंगला कारंजित
प्रमुख
सूचना तथा जनसम्पर्क महाशाखा